बैठक नं.९४

आज मिति २०७८/१०/२४ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | |
| ६ | तेज बहादुर सुनार | सदस्य | |
| ७ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थाप्रा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | नारायण प्रसाद पुन | सदस्य | |
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हिम बहादुर खत्री | सदस्य | |
| २० | डिल प्रसाद नेपाली | सदस्य | |
| २१ | रन्जित शेरचन | सदस्य | |
| २२ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २३ | बिमला श्रेष्ठ | सदस्य | |
| २४ | सिता कुमारी थापा | सदस्य | |
| २५ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २६ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २७ | वीरेन्द्र देव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

सरस्वती कुँवर, का.वा. वडाध्यक्ष वडा नं.३

सुमित्रा गाहा, का.वा. वडाध्यक्ष वडा नं.१८

प्रस्ताव नं.९४.१
मिति २०७८।०९।२६ मा बसेको नगरकार्यपालिकाको ९३ औं बैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
निर्णय नं.९४.१
- नगरसभाको दशौ अधिवेशनमा बहुवर्षिय आयोजनाहरु अनुमोदनका लागि प्रस्तुत गरिएको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको मौजुदा संगठन स्वरुप र जनशक्ति तर्फ केही थप/घट र मिलान गर्ने गरी सभामा प्रस्ताव पेश गरिएको ।
- मलेपबाट प्राप्त अ.व.०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी केही नियमित गर्नुपर्ने र सम्परीक्षण गर्नुपर्ने विषयहरुका लागि सभामा प्रस्ताव प्रस्तुत गरिएको ।
- बुटवल उपमहानगरपालिकाको लागि कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी विधेयक, २०७८ नगरसभामा टेवुल गर्ने निर्णय भएको ।
- वाली धितोमा ऋण कार्यक्रममा विनियोजित रकमलाई अन्य विभिन्न शीर्षकहरुमा शीर्षकान्तर गरिएको ।

प्रस्ताव नं.९४.२
आयोजना प्रस्ताव गरी पठाउने सम्बन्धमा ।
निर्णय नं.९४.२
यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका देहायका आयोजनाहरु देहायको प्राथमिकता क्रमका आधारमा तराई मधेश समृद्धि कार्यक्रम निर्देशिकाले निर्दिष्ट गरेको लागत साझेदारीको लागि प्रतिवद्धता जनाउँदै उक्त आयोजनाहरु स्वीकृतिका लागि तराई मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाई, सिंहदरवार, काठमाण्डौमा छनौट गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | तिलोत्तमा पथ (चिडियाचौकी देखि दुर्गा मन्दिर) सडक स्तरोन्नति | बुटवल-३ |
| २. | नरैनापुर आधारभुत प्रा.वि. भवन निर्माण | बुटवल-१६ |
| ३. | ट्रान्सपोर्ट भिलेज पहुच मार्ग स्तरोन्नति | बुटवल-१२ |
| ४. | पवित्रनगरमा तटवन्ध निर्माण | बुटवल-११ |
| ५. | वैठौलिया पिक्निक स्थल नजिक तटवन्ध | बुटवल-१६ |
| ६. | उजिरसिंह मा.वि.तल्ला थप | बुटवल-२ |
| ७. | जितेश्वरी मा.वि. भवन निर्माण | बुटवल-१३ |
| ८. | अमर मा.वि. भवन निर्माण | बुटवल-१९ |
| ९. | पराजुली पथ सडक निर्माण | बुटवल-१५ |

प्रस्ताव नं.९४.३
तहवृद्धि सम्बन्धमा ।
निर्णय नं.९४.३
बुटवल उपमहानगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ४ को उपदफा ४ बमोजिमको मापदण्ड पुरा गरेका कर्मचारीहरुको तहवृद्धि गर्ने सम्बन्धमा गठित

कार्यदलको वैठकबाट मिति २०७८।१०।१८ मा भई आएको सिफारिस समेतका आधारमा मिति २०७८।१०।२ गतेदेखि लागु हुने गरी देहायका कर्मचारीहरुको देहाय बमोजिम तहवृद्धि गर्ने निर्णय गरियो ।

देहाय :

| क.सं. | कर्मचारीको नाम | हालको पद | तहवृद्धि गरिएको पद | कैफियत |
|---|---|---|---|---|
| १ | राम प्रसाद पन्थी | स.पाँचौ | अधिकृत छैठौ | |
| २ | पुष्पराज ज्ञवाली | स.पाँचौ | अधिकृत छैठौ | |
| ३ | गणेश प्रसाद न्यौपाने | स.पाँचौ | अधिकृत छैठौ | |
| ४ | राजु प्रसाद लामिछाने | स.पाँचौ | अधिकृत छैठौ | |
| ५ | राम प्रसाद खनाल | स.पाँचौ | अधिकृत छैठौ | |
| ६ | उषा ढुंगाना | स.पाँचौ | अधिकृत छैठौ | |
| ७ | मिना आचार्य | स.पाँचौ | अधिकृत छैठौ | |
| ८ | किशुन राज चौधरी | स.पाँचौ | अधिकृत छैठौ | |

**प्रस्ताव नं.९४.४**

**राष्ट्रिय भुमि आयोगसँग सम्झौता गर्ने सम्बन्धमा।**

**निर्णय नं.९४.४**

भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको आवाद कमोद गरेका जग्गा नापजाँच र सो सँग सम्बन्धित कामकारवाहीहरु अगाडि बढाउनका लागि नेपाल सरकार, राष्ट्रिय भुमि आयोगमा गई आवश्यकतानुसारको सम्झौता गर्ने प्रयोजनका लागि उपप्रमुख श्री गुमादेवी आचार्यज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारतीज्यूलाई जिम्मेवारी तोकी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९४.५ विविध ।**

**प्रस्ताव नं.९४.५.१**

**म्याद थप सम्बन्धमा।**

**निर्णय नं.९४.५.१**

श्री दीर्घायु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कागेश्वरी-५ काठमाण्डौले बुटवल उपमहानगरपालिका वडा नं.५ स्थित ज्ञानोदय मा.वि. भवन निर्माणको क्रममा देशमा फैलिएको दोस्रो चरणको Covid-19 महामारीका कारण बन्दाबन्दी तथा निषेधाज्ञा र हालसम्म भएको कार्य प्रगति समेतका आधारमा निर्माण व्यवसायीले अधुरो कार्य सम्पन्न गर्न माग गरेको थप समय न्यायोचित देखिएको साथै मिति २०७८।१२।२५ सम्म म्याद थप गर्न सम्बन्धित साइड इन्चार्जबाट प्रतिवेदन समेत पेश हुन आएकोले खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ को

उपनियम (३) मा उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा ६(छ) महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारी र सोभन्दा बढी अवधिको कार्यपालिकाले थप गर्न सक्नेछ भन्ने व्यवस्था भएकोले निवेदकको माग बमोजिम मिति २०७८।१२।२५ गतेसम्म म्याद थप गर्ने सम्बन्धमा मिति २०७८।१०।११ मा प्रमुखज्यूबाट नगरकार्यपालिकाबाट अनुमोदन गर्ने गरी भएको निर्णय अनुमोदन गरियो।

**प्रस्ताव नं.९४.५.२**

**भेरिएसन सम्बन्धमा।**

निर्णय नं.९४.५.२

वडा नं.७ स्थित अमरसिंहपथ सडक पिच निर्माण कार्यको लागि रु.२८,५३,२८१।१७ मा सम्झौता भई कार्यादेश दिईएकोमा स्वीकृत BOQ , नक्सा र ड्रईङ्ग डिजाईन बमोजिम सडक निर्माण गर्ने सिलसिलामा स्थानीयवासी एवं सम्बन्धित वडा कार्यालयले बाँकी अधुरो कार्य गर्नको लागि माग सिफारिस सहित अनुरोध भै आएको, सम्बन्धित साइट इन्जिनियरको प्राविधिक प्रतिवेदन तथा भेरिएसन रिपोर्ट अनुसार सम्झौता अंकको २४.७०% प्रतिशतले हुने रकम रु.७,०४,८२२।७८ चालु आ.व.को खर्च शीर्षक ३११५१ क.सं.४३६ को सोही योजनाको ठेक्का वन्दोवस्त भई वचत रहेको रकम मध्येबाट व्ययभार हुने गरी भेरिएसन सहितको कूल अंक रु.३५,५८,१०३।९४।- सार्वजनिक खरिद (संशोधन सहित) ऐन, २०६३ को दफा ५४ तथा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२७ को उपनियम १ को खण्ड ग बमोजिम पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन आदेश कार्यपालिकाले (स्वीकृत) गर्न सक्ने व्यवस्था भए बमोजिम उक्त खरिद सम्झौताको लागि पेश भएको देहाय बमोजिमको विवरण सहितको Variation Order यस नगरपालिकाको बैठकबाट अनुमोदन गराउने गरी मिति २०७८।१०।१० मा प्रमुखज्यूबाट भएको निर्णय अनुमोदन गरियो।

| सि.नं. | विवरण | स्वीकृत वजेट रु. | ठेक्का सम्झौता रकम | भेरिएसन सहितको रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | वडा नं.०७ स्थित अमरसिंहपथ सडक पिच निर्माण कार्य | ४०,००,०००। | २८,५३,२८१।१७ | ३५,५८,१०३।९४ | |
| स्वीकृत ठेक्का अंक भन्दा बढी रु. | | | | ७,०४,८२२।७८ | २४.७०% |

**प्रस्ताव नं.९४.५.३**

**बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी विधेयक, २०७८ सम्बन्धमा।**

निर्णय नं.९४.५.३

मिति २०७८।०९।२६ मा बसेको बुटवल उपमहानगरपालिकाको नगरसभाको दशौं अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत भई उक्त बैठकबाट विधेयक समितिमा दफावार छलफल गरी पुनः

कार्यपालिका मार्फत दशौं अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने निर्देश भए बमोजिम बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी विधेयक, २०७८ माथि आजको बैठकमा छलफल गरियो । उक्त विधेयक समितिबाट छलफल गरी नगरसभा समक्ष पेश गर्न सिफारिस सहित आएको र उपमहानगरपालिकाको लागि आवश्यक समेत भएको हुँदा नगरसभाको दशौं अधिवेशनको तेस्रो बैठकमा टेवुल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९४.५.४**

**राजश्व परामर्श समितिबाट भएको निर्णय समर्थन सम्बन्धमा ।**

**निर्णय नं.९४.५.४**

राजश्व परामर्श समितिको सिफारिस बमोजिम केही समय अगाडि बुटवल-४ ज्योतिनगरमा गएको पहिरो सफाई गर्ने क्रममा बुटवल बहुमुखी क्याम्पस परिसर वडा नं.३ र ४ मा जम्मा भएको माटोजन्य पदार्थ (केही वोल्डर सहित) को विक्री वितरणका लागि न्यूनतम मूल्य रु.२१६५०००।- ( एक्काइस लाख पैसट्ठी हजार) कायम गरी कार्यालयबाट विक्रीका लागि वोलपत्र आब्हान गरेको विषयमा छलफल हुँदा राजश्व परामर्श समितिको निर्णय बमोजिम देखिएको हुँदा कार्यालयबाट भएको मिति २०७८।१०।१३ गतेको निर्णय समर्थन गरियो ।

**प्रस्ताव नं.९४.५.५**

**बुटवल उपमहानगरपालिकाको युवा विकास समिति संचालन कार्यविधि, २०७८ माथि संशोधन सम्बन्धमा ।**

**निर्णय नं.९४.५.५**

मिति २०७८।७।१२ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.८९.५ बाट स्वीकृत बुटवल उपमहानगरपालिकाको युवा विकास समिति संचालन कार्यविधि, २०७८ मा संशोधन गर्न आवश्यक भएको हुँदा उक्त कार्यविधिमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**बुटवल उपमहानगरपालिका युवा विकास समिति कार्यविधि,२०७८ (प्रथम संशोधन), २०७८**

| सि.नं. | परिच्छेद, दफा, उपदफा | भएको व्यवस्था | थप हुनुपर्ने व्यवस्था | हटाउनुपर्ने | कारण |
|---|---|---|---|---|---|
| १. | प्रस्तावना | .........अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि.......... | .........अधिकतम उपयोगबाट समुन्नत बुटवल निर्माणका लागि.......... | | |
| २ | परिच्छेद १, दफा १ को उपदफा १ | ....."स्थानीय तह युवा विकास समिति संचालन कार्यविधि २०७८"....... | ....." युवा विकास समिति संचालन कार्यविधि २०७८"...... | स्थानीय तह | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | परिच्छेद १, दफा १ को उपदफा २ | ........स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित...... | ........स्वीकृत भई राजपत्रमा प्रकाशित...... | स्थानीय | |
| ४. | परिच्छेद १, दफा २ को खण्ड ख | "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनुपर्छ। | | हटाउनुपर्ने "उपाध्यक्ष" | |
| ५. | परिच्छेद २, दफा ३, उपदफा १ | क. उपमहानगरपालिका प्रमुख : अध्यक्ष<br>ख. प्रमुख प्रशासकीय अधिकृत : सदस्य<br>ग. बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाले मनोनयन गरेको १ जना महिला समेत २ जना युवा : सदस्य<br>घ. शिक्षा तथा जनस्वास्थ्य महाशाखा प्रमुख : सदस्य सचिव | क. नगर प्रमुखबाट मनोनित : अध्यक्ष<br>ख. नगर प्रमुखबाट मनोनित १ जना दलित, १ जना जनजाति तथा १ जना महिला युवा समेत ३ जना सदस्य<br>ग. युवा, खेलकुद तथा अतिरिक्त कृयाकलाप शाखा प्रमुख : सदस्य सचिव | | युवा क्षेत्रको विज्ञता आवश्यक भएकाले |
| ६. | परिच्छेद २, दफा ३, उपदफा ४ | .... समितिका अध्यक्ष समक्ष राजीनामा.........अध्यक्षले स्वीकृत .............. | ....मनोनित गर्ने अधिकारी समक्ष राजीनामा......... मनोनित गर्ने अधिकारीले स्वीकृत .............. | | |
| ७. | परिच्छेद २, दफा ३, उपदफा ५ | (क) १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको,<br>(ख) कम्तीमा स्नातक उत्तिर्ण<br>(ग) ........युवा परिचालनमा कम्तीमा दश बर्ष.......... | (क) दफा ३, उपदफा १ खण्ड क का लागि<br>२५ देखि ४० वर्षको र स्नातक उर्तिण, युवाको क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव हासिल गरेको<br>(ख) दफा ३, उपदफा १ खण्ड ख का लागि १६ देखि ४० वर्ष उमेरका तथा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीण भएको<br>(ग) युवा परिचालनमा कम्तीमा पाँच | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वर्ष.......... | | |
| ८. | परिच्छेद २, दफा ३, उपदफा ६ | .........जिम्मेवार पुरा नगरेमा स्थानीय सरकारले निजलाई ....... | .........जिम्मेवार पुरा नगरेमा बुटवल उपमहानगरपालिकाले निजलाई ....... | | |
| ९. | परिच्छेद २, दफा ३, उपदफा ७ | दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम नियुक्त युवा सदस्यमध्ये युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा दश बर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट एक जनालाई समितिको उपाध्यक्ष पदमा अध्यक्षले नियुक्ति गर्न सक्नेछ। | | हटाउनुपर्ने | |
| १०. | परिच्छेद २, दफा ४, उपदफा १ को खण्ड (क), ख), (ङ) (च), (छ), र (ज). | .......स्थानीय सरकार..... ......स्थानीय तह..... .....स्थानीय स्तर..... | बुटवल उपमहानगरपालिका | | |
| ११. | परिच्छेद २, दफा ४, उपदफा १ | | ट) समितिको वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने | | |
| १२. | परिच्छेद २, दफा ५, उपदफा ४ | ......सदस्यहरु उपस्थित भएमा विकास समितिको बैठक...... | ......सदस्यहरु उपस्थित भएमा समितिको बैठक..... | विकास | |
| १३. | परिच्छेद ३, दफा ६, उपदफा १ | .........दर्ता भएका स्थानीय तहको क्षेत्रभित्र काम........ | .........दर्ता भएका बुटवल उपमहानगरपालिकाको क्षेत्रभित्र काम........ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | परिच्छेद ४, दफा ७ उपदफा १ | स्थानीय तहका लागि संघीय सरकार.........युवा सम्बन्धी विषय हेर्ने **एकाईले** समितिको | बुटवल उपमहानगरपालिकाका लागि संघीय सरकार......... युवा सम्बन्धी विषय हेर्ने **शाखाले** समितिका ......... | | |
| १५ | परिच्छेद ४, दफा ११ उपदफा १ | एक महिना भित्र **स्थानीय** कार्यपालिका र जिल्ला युवा समन्वय.............. | एक महिना भित्र **बुटवल** उपमहानगरपालिका नगर कार्यपालिका र जिल्ला युवा समन्वय.............. | | |
| १६ | परिच्छेद ४, दफा १२ उपदफा १ | ..........केहि अधिकार अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य सचिवलाई........ | ..........केहि अधिकार अध्यक्ष, सदस्य वा सदस्य सचिवलाई........ | उपाध्यक्ष, कुनै | |
| १७ | परिच्छेद ४, दफा १७ उपदफा १ | .......सम्पर्क राख्दा नगरकार्यपालिका कार्यालय...... | ........सम्पर्क राख्दा बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय.......... | | |
| १८. | अनुसूची १ संस्थाहरुको आवद्धताका लागि दिईने निवेदनको ढांचा | ...... स्थानीय तह ...... | | दुवै स्थानको स्थानीय तह हटाउनुपर्ने | |
| १९. | अनुसूची १ संस्थाहरुको आवद्धताका लागि दिईने निवेदनको ढांचा | २. संघ वा संस्थाको ठेगाना: क) गाउं/नगरपालिका........ | २. संघ वा संस्थाको ठेगाना: (क) बुटवल उपमहानगरपालिका...... | गाउ/नगरपालिका | |
| २०. | अनुसूची २ समितिसंग आवद्धताको प्रमाणपत्रको ढांचा | ........संघ वा संस्थालाई स्थानीय युवा विकास समिति संचालन कार्यविधि, २०७८ को **बुँदा ६ देहाय (४)** बमोजिम.......... | ........संघ वा संस्थालाई स्थानीय युवा विकास समिति संचालन कार्यविधि, २०७८ को **दफा ६ को उपदफा (४)** बमोजिम.......... | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | अनुसूची २ सपथ | .......पालिका स्थानीय तह युवा विकास समिति......... | .........बुटवल उपमहानगरपालिका युवा विकास समिति......... | पालिका स्थानीय तह | |

**प्रस्ताव नं.९४.५.६**
**सहयोग सम्बन्धमा।**
**निर्णय नं.९४.५.६**

विभिन्न संघसंस्थाहरुबाट सहयोग माग भई आएका पत्रहरु आजको बैठकमा प्रस्तुत भई छलफल गरियो । पेश भए बमोजिमका देहायका संस्थाहरुलाई देहायको प्रयोजनका लागि सम्बन्धित शीर्षकबाट देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | संघसंस्था/व्यक्ति | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १. | होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ | बुटवल सडक खाना महोत्सव, २०७८ | रु.५,००,०००।- |
| २. | नृत्यकर्मी संघ नेपाल, बुटवल रुपन्देही | राष्ट्रिय नृत्य निर्देशक कार्यशाला तथा प्रशिक्षण, २०७८ | रु.१,००,०००।- |
| ३. | ग्लोवल आवाज | नौला अभ्यासको अनलाईन बुलेटिन प्रकाशन | रु.५०,०००।- |
| ४. | संचारिका समुह | अन्तरक्रिया कार्यक्रम संचालन (लुम्बिनी प्रदेश) | रु.३५,०००।- |
| ५. | विष्णु घिमिरे | फिचर, भिडियो छायांकनका लागि क्यामेरा खरिदका लागि सहकार्य अनुदान | रु.५०,०००।- |
| ६. | लुम्बिनी संचार प्रा.लि. | मासिक टेलिभिजन कार्यक्रम संचालन (४ वटा episode) नेपाल टेलिभिजनसँग सम्झौता गर्ने | रु.१,६०,०००।- |
| ७. | प्रेस चौतारी नेपाल | पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन सहकार्य | रु.१,६०,०००।- |
| ८. | रेडियो समावेशी | प्रविधि खरिदमा सहकार्यका लागि अनुदान सहयोग | रु.५०,०००।- |
| ९. | नेपाल बाल संगठन | राष्ट्रिय बाल दिवस, २०७८ | रु.५०,०००।- |
| १०. | जेष्ठ नागरिक महासंघ | | रु.५१,०००।- |
| ११. | रासस | कार्यालय संचालनका लागि डेस्कटप कम्प्युटर | - |
| १२ | छमछमी कला केन्द्र, बुटवल-८, सुख्खानगर | बाद्यवाधन सामग्री खरिद गरी उपलब्ध गराउने | - |

प्रस्ताव नं.९४.५.७
सिफारिस सम्बन्धमा।
निर्णय नं.९४.५.७
बुटवल सरसफाई तथा वातावरण संरक्षण सहकारी संस्था लि. बुटवल-७ रुपन्देहीको च.नं.०५०/०७८/०७९ मिति २०७८।१०।२३ को पत्र आजको बैठकमा प्रस्तुत भई छलफल भयो।
लुम्बिनी प्रदेश सरकारको आ.व. ०७८/०७९ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत शिवनगर सरसफाई पार्क निर्माणका लागि रु.१ करोड बजेट विनियोजन भएको हुँदा बुटवल नगर क्षेत्रको वातावरण सफा, स्वच्छ र स्वस्थ्य राख्ने, हरियाली प्रवर्धन गर्ने उद्देश्यकासाथ बुटवल सरसफाई तथा वातावरण संरक्षण सहकारी संस्था लि. बुटवल-७ दर्ता भई उक्त सहकारी संस्था, शिवनगर सामुदायिक वन उपभोक्ता समुह वडा नं.७, ८, ९, ११ र बुटवल उपमहानगरपालिका वीच वडा नं.७ र ८ को फोहर संकलन र व्यवस्थापन गर्ने गरी सम्झौता भई कार्यान्वयन समेत भइरहेको हुँदा उक्त पार्क निर्माणका लागि विनियोजित उल्लेखित रकम उक्त सहकारी संस्था लि. मार्फत कार्यान्वयन हुने गरी प्रकिया अगाडि बढाई सहयोग हुन खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, योगीकुटीमा सिफारिस गरी पठाउने निर्णय गरियो।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।